# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

DEPROSC DEVELOPMENT BANK 2001 AD
मुख्य कार्यालय नारायणगढ, चितवन
फोन नं.: ०५६-५२७९००, फ्याक्स नं.: ०५६-५२३०५६

## लेखा परीक्षण नभएको वित्तीय नतिजा

### आर्थिक वर्ष २०७४/०७५ को तेस्रो त्रैमासमा

| क्र.स. | पूंजी तथा दायित्व | यस त्रैमास २०७४ चैत्र | गत त्रैमास २०७४ पौष | गत आ.व. २०७३ चैत्र |
|---|---|---|---|---|
| १ | कूल पूंजी तथा दायित्व | ७,९३०,९८१,८०२।९१ | ६,९७५,३८४,८०५।०८ | ५,४१७,१३१,६७७।६१ |
| १.१ | चुक्ता पूंजी | ७०३,१००,४०१।७५ | ७०३,१००,४०१।७५ | ३४८,१९७,१९०।७५ |
| १.२ | जगेडा तथा कोषहरू | ४५९,०७२,०३२।५१ | ३९५,६८२,७२९।८१ | ३८९,६६३,६३४।५७ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | ४,२३६,०२२,१०४।७८ | ३,४६९,५४२,६४८।६६ | २,८९७,३८४,४८९।९२ |
| १.५ | निक्षेप दायित्व | २,१७१,०९९,४९४।०० | १,९७९,३४९,२६०।०० | १,५३०,५४६,६२७।०० |
| १.५.१ | समुहगत | २,१७१,०९९,४९४।०० | १,९७९,३४९,२६०।०० | १,५३०,५४६,६२७।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | - | ४८,१३२,९२५।०० | - |
| १.७ | अन्य दायित्व | ३६१,६८७,७६९।८७ | ३७९,५७६,८३९।८६ | २५१,३३९,७३५।३७ |
| २ | कूल सम्पत्ति | ७,९३०,९८१,८०२।९१ | ६,९७५,३८४,८०५।०८ | ५,४१७,१३१,६७७।६१ |
| २.१ | नगद तथा बैंक मौज्दात | ४७०,८८६,३९७।८४ | २४६,८९६,९३९।६३ | ११८,३२४,७३९।०१ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने | - | - | - |
| २.३ | लगानी | २,०१०,०००।०० | २,०१०,०००।०० | २,०१०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ७,११०,२४५,९०४।४३ | ६,४२७,२९८,०४९।४३ | ५,०६७,७९७,८२०।०० |
| २.५ | स्थिर सम्पत्ति | २६,४४१,१९५।२० | २५,४३६,२८३।२२ | २१,०६७,८५९।६५ |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | ३२१,३९८,३०५।४४ | २७३,७४३,५३२।८० | २०७,९३१,२५८।९५ |
| ३ | नाफा नोक्सान हिसाव | यस त्रैमास २०७४ चैत्र | गत त्रैमास २०७४ पौष | गत आ.व. २०७३ चैत्र |
| ३.१ | ब्याज आम्दानी | ८१२,९२८,४८६।०९ | ५२२,१०६,०३२।२६ | ६३७,५२७,२४७।९६ |
| ३.२ | ब्याज खर्च | ३५८,०४८,५३७।२४ | २२८,५८६,०३१।१४ | १८७,१८०,५६८।७० |
| क. | खूद ब्याज आम्दानी | ४५४,८७९,९४८।८५ | २९३,५२०,००१।१२ | ४५०,३४६,६७९।२६ |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | - |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ८३,९२६,८२९।६३ | ४९,९८६,६२८।६९ | ५८,५९५,९३३।७३ |
| ख | कूल सञ्चालन आम्दानी | ५३८,८०६,७७८।४८ | ३४३,५०६,६२९।८१ | ५०८,९४२,६१२।९९ |
| ३.५ | कर्मचारी खर्च | १८०,४०३,०८१।२२ | ११८,१६६,५१३।३४ | १२५,९१६,८७९।२३ |
| ३.६ | अन्य सञ्चालन खर्च | ५१,५३९,५४६।४३ | ३१,८६७,२२१।८७ | ४२,१३२,०११।०६ |
| ग | नोक्सानी ब्यवस्था अघिको सञ्चालन नाफा | ३०६,८६४,१५०।८३ | १९३,४७२,८९४।६० | ३४०,८९३,७२२।७० |
| ३.७ | सम्भावित नोसानी व्यवस्था | ७६,७५२,७३८।०० | ४७,९०५,४४६।०० | ५९,०२५,०६८।०० |
| घ | सञ्चालन नाफा | २३०,१११,४१२।८३ | १४५,५६७,४४८।६० | २८१,८६८,६५४।७० |
| ३.८ | गैर सञ्चालन आम्दानी/खर्च (खुद) | - | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | ४८,८५४,९६६।०० | ३०,८८२,१२७।०० | ४५,८४९,३६९।०० |
| ङ | नियमित कृयाकलापबाट नाफा | २७८,९६६,३७८।८३ | १७६,४४९,५७५।६० | ३२७,७१८,०२३।७० |
| ३.१० | असामान्य कारोवारबाट भएको आम्दानी/खर्च (खुद) | २६,९१५।०० | ३७,८१५।०० | ५३,५०७।०० |
| च | बोनस र कर अघिको नाफा | २७८,९९३,२९३।८३ | १७६,४८७,३९०।६० | ३२७,७७१,५३०।७० |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | २५,३६३,०२७।०० | १६,०४४,३०८।०० | २९,७९७,४१२।०० |
| ३.१२ | आयकर ब्यवस्था | ७६,०८९,०८०।०० | ४८,१३२,९२५।०० | ८९,३९२,२३६।०० |
| छ | खूद नाफा/नोक्सान | १७७,५४१,१८६।८३ | ११२,३१०,१५७।६० | २०८,५८१,८८२।७० |
| ४ | अनुपातहरू | यस त्रैमास २०७४ चैत्र | गत त्रैमास २०७४ पौष | गत आ.व. २०७३ चैत्र |
| ४.१ | पूंजीकोष/जोखिम भारित सम्पत्ति | १५।३० | १६।०९ | १४।८१ |
| ४.२ | निष्कृय कर्जा/कुल कर्जा | ०।७९ | ०।८१ | ०।७० |
| ४.३ | सम्भावित नोक्सानी ब्यवस्था/कुल निष्कृय कर्जा | १९४।४० | १९१।८८ | २०३।६० |
| ४.४ | पूंजीको लागत | १०।०१ | ९।४० | ८।०७ |
| ४.५ | निक्षेप कर्जा अनुपात | ३०।०६ | ३०।३२ | २९।७७ |

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपविनियम (१)संग सम्बन्धित अनुसुची १४ बमोजिमको

## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०७४/०७५ को तेश्रो त्रैमासिक बिवरण

**१. प्रमुख वित्तीय बिवरण** :

क. त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी बिवरणः यस बित्तीय संस्थाको वासलात, नाफा–नोक्सान सम्वन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ ।

ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | ३३।६४ | प्रति शेयर खुद कितावी मुल्य | १६५।२७ |
| प्रति शेयर बजार मूल्य | ७३२।०० | प्रति शेयर कुल सम्पतिको मुल्य | ११२७।९७ |
| मूल्य आम्दानी अनुपात | २१।७६ | तरलता अनुपात | ७।३५ |

**२. ब्यवस्थापकीय बिश्लेषण** :

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः यस बित्तीय संस्थाको ब्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति सन्तोषजनक रहेता पनि अघिल्लो आ.व.को सोही अवधिको तुलनामा यस अवधिमा कर्जाको ब्याजदरमा भएको संकुचन तथा कोष लागत दरमा भएको उच्च बृद्धिले खुद ब्याज आम्दानी घट्न गएकोछ । जसको कारण गत आ.व. को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफा रकममा कमी हुन गएको छ ।

ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरण : राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले हालसम्म ७० वटा जिल्लाहरूमा १०५ शाखा कार्यालयहरू खोली सो मार्फत लघुवित्त सेवा प्रदान गरिरहेको छ। वित्तीय स्रोतमा आत्मनिर्भरता बढाउन सदस्यहरूबाट वचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाउन उपयुक्त रणनीति बनाई लागु गरिनेछन् । वित्तीय संस्थाबाट प्रदान गरिने लघुवित्त सेवाहरूलाई विविधिकरण गर्न सम्बन्धित सेवा प्रदायकहरू संगको सहकार्यमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय विप्रेषण सेवालाई निरन्तरता दिदै लघुवीमा सम्वन्धि सेवाहरूलाई प्रभावकारीरूपमा संचालन गर्न निश्चित कार्यक्रमहरू संचालन गरिनेछन् । हाल संचालनमा रहेको Banking Software लाई आधुनिक किसिमको Online Software बाट प्रतिस्थापन गरी सहज तथा भरपर्दो ब्यवस्थापन सूचना प्रणालिको विकास गर्न प्राथमिक स्तरका कार्यहरू शुरू गरिएका छन् । आन्तरिक श्रोतको प्रयोग तथा दातृ निकाय र अन्य संघ संस्थाहरूको सहयोग तथा सहकार्यमा यस संस्थासंग आबद्ध सदस्यहरूको जीवनस्तर उकास्न र कर्मचारीहरूको कार्यकुशलतामा सुधार ल्याउन आवश्यक कार्यहरू गरिनेछन् । यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष्य तथा प्रगति निम्नानुसार रहेका छन् ।

| बिबरण | यस आ.व. २०७४/२०७५ | |
|---|---|---|
| | वार्षिक लक्ष्य | यस त्रैमास सम्मको प्रगती |
| कुल सदस्य संख्या | १,६७,३२४ | १,४८,२८६ |
| लगानीमा रहेको कर्जा (रू. हजारमा) | ७,८२,३७,४३ | ७,२२,२४,२२ |
| कुल बचत तथा निक्षेप (रू. हजारमा) | २,७९,२३,५९ | २,१७,१०,९९ |

ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरणः बाणिज्य बैंकहरूको आधार दरमा प्रिमियम जोडी कायम गरिएको ब्याजदरको आधारमा लघुवित्त संस्थाहरूलाई थोक कर्जा प्रदान गरिने कारणले कोष लागत दरमा अत्यधिक बृद्धि हुनुका साथै लघुवित्त संस्थाहरूले आफना सदस्यहरूलाई प्रदान गर्ने कर्जाको ब्याजदरमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरूप भएको संकुचनले संस्थाको मुनाफा रकममा गहिरो असर परेको छ । बाह्य वित्तीय श्रोतको पहुँचमा संकुचन बढ्दै जानु,लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना र एकै सदस्यबाट बहु सदस्यहरूको कर्जा उपभोग गरिनु, सदस्यहरूबाट उद्देश्य बमोजिम कर्जा रकम उपयोग नहुनु, आदि कारणहरूले संस्थालाई नकारात्मक असर पार्न सक्छ । तथापि, संस्थाले तय गरेको कार्यनीतिका आधारमा ब्यवस्थापनले उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गर्न सकेका कारण हालसम्म कुनैं गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्वन्धि बिवरण** : यस त्रैमाससम्ममा यस वित्तीय संस्था तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको जानकारीमा छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण** :

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाःयस वित्तीय संस्थाको शेयर कारोवारमा समय समयमा उतार चढाव देखिएता पनि धितोपत्र बजारको हालको अवस्थामा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । (नेपाल स्टक एक्सचेन्जको वेबसाईटमा आधारित)

| अधिकतम मूल्यः | न्युनतम मूल्य | अन्तिम मूल्यः | कारोवार भएको कुल दिनः | कारोवार संख्याः | शेयर संख्या |
|---|---|---|---|---|---|
| रू. ८८०।०० | रू. ६०५।०० | रू. ७३२।०० | ५६ | १,३५० | १,२०४५८ |

**५. समस्या तथा चुनौती** :

क. संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तारले सदस्यहरूको दोहोरोपना र सदस्यता परित्याग
ख. लगानियोग्य रकमको अभाव,
ग. कोषको लागतका साथै संचालन खर्चमा उच्च बृद्धि
घ. उचित जनशक्ति ब्यवस्थापन, तालिमको कमी तथा कर्मचारी सेवाको निरन्तरतामा ह्रास
ङ कमजोर भौतिक पुर्वाधार तथा आधुनिक ब्यवस्थापन सुचना प्रणालीको अभाव
च अप्रत्यासीत रूपमा सृजना हुन सक्ने प्रतिकुल अवस्था ।

**६. संस्थागत सुशासन**: संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखा परीक्षण समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सेवा सुबिधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत बिभिन्न आन्तरिक समिति तथा उप(समिति निर्माण गरी उक्त समितिहरू मार्फत संस्थाको ब्यवसायिक योजना तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, सम्पादन गरिएका कार्यहरूको मुल्यांकन गर्ने र सोको समीक्षाको आधारमा ब्यवस्थापनलाई उचित निर्देशन दिने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानुनको पालना गरिनुका साथै आवश्यकता अनुसार अन्य नीति तथा नियमहरू बनाई लागु गरिएका छन् ।

**७. सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**: यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धताको सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण भएको साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।